# सञ्चारिका लेखमाला
# Sancharika Feature Service

वर्ष ७ अंक ११ मासिक कात्तिक/मंसिर November 2004

■ *जहाँ अहिले पनि तानेरै श्रीमती बनाइन्छ* — भोजराज भाट
जहाँ अहिले पनि केटीको हात तानेर विवाह गर्न पाइन्छ

■ *बेपत्ता पारिएका श्रीमान् खोज्दैछन् दुर्गा र मायाहरू* — श्रीभक्त खनाल
लोग्ने हुँदा र नहुँदाको वातावरण फरक हुँदोरहेछ

■ *सबै कुरा यौनसँग जोडेर किन हेरिन्छ ?* — सच्ची मैनाली
तपाईं एक्लै ? साथमा को-को जाँदैछन् ? अनि कति दिन बस्ने ?

■ *बिहेभन्दा विद्यालय पठाउने हतारो* — भूपराज खड्का
*सुविधा पाउञ्जेल बालिका कक्षाकोठाभरि सुविधा बन्द हुनासाथ बालिका उपस्थिति शून्य*

■ *पुरुषलाई भन्दा महिलालाई गाह्रो* — मधु राई
*पहिले-पहिलो गाह्रो हुन्थ्यो अहिले बानी परिसकेँ*

■ *पेन्सनका लागि लड्दालड्दै दश वर्ष बित्यो सुकमायाको* — बिमला तुम्खेवा
प्रमाणको अभावमा पेन्सन पाउनबाट बञ्चित भूपू सैनिका विधवा



संचारिका समूह/नेपाल

# जहाँ अहिले पनि तानेरै श्रीमती बनाइन्छ

*मुलुक २१औं शताब्दीको संघारमा पुगिसकेको छ । धेरै महिलाहरू आफ्नो अधिकार र कर्तव्यका लागि जागरुक हुने क्रम बढ्दो छ तर केही ठाउँमा अझै पनि महिलाले आफ्नो जीवनसाथी आफै रोज्न पाउँदैनन् भन्दा अनौठो लाग्न सक्छ । तर, मुस्ताङका केही भागमा अहिले पनि केटाद्वारा केटी तानेर विवाह गरिन्छ ।*

**✍ भोजराज भाट**

घरैपिच्छे विदेश गएका छन्, कम्तीमा परिवारका एक सदस्यजति । कोही अमेरिकी 'ग्रीनकार्ड होल्डर' छन् त कोही जापान, जर्मनी आदि मुलुकमा गएका छन् कामका लागि । सबै सम्पन्न छन्, पुग्दो धनजन छ । सबैको आ-आफ्नै व्यापार-व्यवसाय छ । हेर्दा लाग्छ- यहाँका मानिसहरूको संस्कृति पनि निकै उच्च छ, परिस्कृत सभ्यताझैँ ।

तर, व्यवहार ठीक उल्टो छ । जतिसुकै सम्पन्न भए पनि मुस्ताङको मुक्तिनाथ, कागबेनी, झोङ क्षेत्रका मानिसहरू विवाह गर्दा अझै पनि पुरानै चलन अवलम्बन गर्छन् । केटीलाई केटा मन परोस् वा नपरोस्, त्यसमा कुनै फिक्री छैन । केटालाई केटी मन पर्‍यो भने तानेरै विवाह गर्न पाइन्छ अहिले पनि ।

पुराङका ३५ वर्षीय कुङ्गा गुरुङले झोङ्गकी १८ वर्षीया डोमालाई यही असोज १२ गते तानेर घरमा ल्याए । केटीले बाबुसरह उमेरका कुङ्गासँग विवाह गर्न मानिनन् । पछि डोमा माइतै फर्किइन् । डोमाजस्तै तानिएर अपहेलित हुने नारीको सङ्ख्या पनि कम छैन मुस्ताङमा । तैपनि चुपचाप बस्नुसिवाय अर्को विकल्प छैन उनीहरूलाई । किनभने त्यहाँको संस्कृति नै त्यस्तै छ, मान्नुपर्ने बाध्यता छ ।

स्थानीय संस्कारअनुसार कुनै केटाले केटीलाई मन परायो भने तान्छ उसले । केटा पक्षबाट पाँच/दसजना जतिको समूह बनाएर केटीलाई घरबाटै तानेरै लगिन्छ । र, गाउँको मुखिया वा ठूला जातको ठकुरी, गुरुङको घरमा राखिन्छ । तीन दिनसम्म केटाकेटीलाई मात्र छुट्टै कोठामा थुनिन्छ । यो समयभित्र केटी मञ्जुरी भएमा विवाह हुने पक्का हुन्छ नभए केटी माइतमा फर्किन्छे । तीन दिनसम्म एउटै कोठामा हुँदा केटाले जबर्जस्ती पनि केटीलाई यौनसम्पर्क राख्न दबाब दिन्छ । तर, केटीलाई केटा मन नपरेको अवस्थामा पनि यो कार्य भयो भने ऊ विवाह गर्न बाध्य हुन्छे ।

केटीलाई घरैबाट राति उठाएर लगे पनि लगत्तै केटी पक्षले छोरी खोज्ने कामचाहिँ गर्दैनन् । तानेर लगेको भोलिपल्ट मात्र केटी पक्षका मानिसहरू केटाको घरमा जान्छन् । झगडा गर्छन्, छोरी फर्काएर लैजान्छौं भनी धम्क्याउँछन् । केटा पक्ष भने 'गल्ती भइहाल्यो' भनी माफी माग्छन् । केटाकेटीको विवाहको पक्का त्यतिखेर हुन्छ, जब तीन दिन सँगै बसेपछि केटीले आफ्नो राय व्यक्त गर्छे ।

*कतिपय जोडीले विवाह अगावै बालबच्चा जन्माइसकेका पनि हुन्छन् । त्यसपछि आफ्नो फुर्सदको समय र साइत हेरेर धुमधामसँग बिहे गरिन्छ । इष्टमित्र बोलाइन्छ । र, भोजभतेर खुवाइन्छ ।*

केटी मञ्जुर भएमा केटा पक्षबाट मगनी हुन्छ । तर, विवाह भने तत्काल हुँदैन । विवाह नहुँदै केटाकेटी सँगै बस्न थाल्छन् । कतिपय जोडीले विवाह अगावै बालबच्चा जन्माइसकेका पनि हुन्छन् । त्यसपछि आफ्नो फुर्सदको समय र साइत हेरेर धुमधामसँग बिहे गरिन्छ । इष्टमित्र बोलाइन्छ । र, भोजभतेर खुवाइन्छ ।

केटी तान्ने परम्परा सधैं जबर्जस्ती हुन्छ भन्ने छैन । प्रेमबन्धनमा फसिसकेका केटाकेटीहरू औपचारिक विवाह गर्न पनि केटी तान्दछन् । मुक्तिनाथ रानीपौवाका २३ वर्षीय निमासाटुक गुरुङले पनि पहिले प्रेम र पछि तानीविवाह गरेका हुन् गत वर्ष । निमासाटुक गाउँका मुखिया पनि हुन् यो वर्षका लागि । उनका दाजु अमेरिकामा छन् भने बुबा व्यापारी । कहिलेकाहीँ त अभिभावककै मञ्जुरीले पनि केटी तान्ने गरेका

घटना पनि छन् गाउँमा। तर, त्यसमा केटी पक्षको मञ्जुरी नहुन पनि सक्छ।

मुखिया गाउँको एक अगुवा हो, जसले सामाजिक कामकाजलाई सुचारुरूपले अगाडि बढाउँछ। मुस्ताङका हरेक गाउँमा मुखिया राख्ने चलन छ। गाविसमा अध्यक्ष होस् वा नहोस्, गाउँमा मुखियाकै बोलवाला हुन्छ। समाजका हरेक समस्याहरू प्रायः मुखियाको निर्णयबाट सुल्झाइने गरिन्छ। मुस्ताङको मुखिया वर्षैपिच्छे फेरिन्छ जहाँ समाजको हरेक व्यक्ति मुखिया हुन पाउँछ। तर, पुरुष मात्र मुखिया हुन पाउने परम्परा अहिले पनि कायम छ।

> केटीलाई केटा मन परोस् वा नपरोस्, त्यसमा कुनै फिक्री छैन। केटालाई केटी मन पर्‍यो भने तानेरै विवाह गर्न पाइन्छ अहिले पनि।

समाजको अगुवा भएर मुखिया पनि विवाहसम्बन्धी यस्तो अन्धविश्वासमा किन चुपचाप त ? झारकोटका मुखिया आङ्ग्या गुरुङ भन्छन्, 'यो परम्परागत चलन भएकाले यसको विरोध पनि हामी गरिहाल्न सक्दैनौं। विवाह गर्न इच्छा नहुने केटीलाई पछि विवाह गर्न बाध्य पनि गराउँदैनौं।' आङ्ग्याकै भनाइलाई समर्थन गर्दै कागबेनीका मुखिया तेन्जिन सेरप ठकुरीका शब्दमा, 'चलिआएको चलनलाई मुखियाले हटाउँछु भनेर सक्दैन।'

इलाका प्रहरी कार्यालय मुक्तिनाथका इन्चार्ज गणेश लामा शिक्षित र आर्थिक रूपमा सम्पन्न समाजमा पनि यस्तोखाले कुरीतिले बढावा पाइरहनु स्थानीयबासीकै दोष देखाउँछन्। '२१ औं शताब्दीमा पनि केटीलाई जबर्जस्ती तीन/तीन दिनसम्म एक्लै कोठामा राखिनुहुँदैन, त्यस्तो परम्परा त्याग्नुपर्‍यो भन्दा यो हाम्रो चलन हो भन्छन्। केटी पक्षले पनि कहिल्यै आफूलाई अन्याय भयो भनेर उजुरी पनि गरेका छैनन्। उजुरी नआउँदा कारबाही गर्न पनि गाह्रो भइरहेको छ', लामाको कथन छ।

सुदूरपश्चिमका पहाडी क्षेत्रहरूमा यसरी नै तानेर विवाह गर्ने चलन छ। अहिले त्यहाँ माओवादीको त्रासले केटी तानिने क्रममा केही कमी आएको छ। विशेषगरी आर्थिक रूपमा विपन्न केटीमात्र यस्तो घटनाको सिकार हुने गरेका छन् त्यहाँ, अहिले पनि। तर, मुक्तिनाथ क्षेत्रमा भने अझै पनि सबै जात, धर्म र समाजमा यो परम्परा विद्यमान छ, केटीको विवाहसम्बन्धी आफ्नो इच्छा नै हुँदैन भन्ने पितृसत्तात्मक सोचलाई निरन्तरता दिने नाममा।

■■■

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# बेपत्ता पारिएका श्रीमान् खोज्दैछन् दुर्गा र मायाहरू

*जनयुद्ध सुरु भएयता सरकार र माओवादीको तर्फबाट नागरिक बेपत्ता पार्ने क्रम बढ्दो छ। बेपत्ता पारिएका नागरिकहरूमा पुरुषको संख्या बढी भए तापनि त्यसको असर महिलाले बढी भोगेका छन्।*

**✍ श्रीभक्त खनाल**

गएको दशैंको टीकाको दिन एउटी महिला आफ्ना दुई छोराछोरीसहित लोग्नेको खोजीमा महाराजगञ्जको भैरवनाथ ब्यारेकमा पुगिन्। लामो समयदेखि बेपत्ता बनाइएका आफ्ना लोग्नेको हातको टीका लगाउन पाउने आशामा उनी त्यस दिन त्यहाँ पुगेकी थिइन्। तर, त्यस दिन पनि सुरक्षाफौजले उनका लोग्ने आफ्नो नियन्त्रणमा छैनन् भनेपछि उनको मन थामिनसक्नु भयो। उनले त्यहाँ लुकाएर राखिएका लोग्नेलाई भेट्न पाऊँ भनेर रोइकराई गरिन्। गुल्मले उनका श्रीमान् त्यहाँ नरहेको बताए पनि ती महिलाले आफ्नो श्रीमान् त्यहीं राखिएको जिद्दी गर्दै जसरी भए पनि भेट्न पाउनुपर्ने बताइन्। जति बिन्ती गर्दा पनि उनले श्रीमान्लाई भेट्न सकिनन् न त टीका नै लगाउन पाइन्। 'यसपालिको दशैंले ममा कुनै उत्साह-उमंग ल्याउन सकेन', उनी त्यस दिनको सम्झना गर्दै भन्छिन्। उनी हुन् बागबजारको गल्लीमा सानो होटल चलाएर बसेकी २९ वर्षीया दुर्गा केसी, जो १४ महिनाअघि बेपत्ता बनाइएका श्रीमान् कृष्ण केसीको खोजीमा दिनरात लागेकी छिन्। केसी अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (

क्रान्तिकारी) का सक्रिय कार्यकर्ता हुन् । 'श्रीमान् समातिएपछि म पागलजस्तै भएकी थिएँ । तर, ८ महिनाअघि उहाँ जीवितै रहेको थाहा पाएपछि सन्तोषको सास फेरेकी छु । सरकारले आफ्नो नियन्त्रणमा नभएको बताए पनि उहाँ जीवितै हुनुहुन्छ । भेट्न नपाए पनि कम से कम मैले श्रीमान्को अवस्था थाहा पाएकी छु । मजस्ता थुप्रै महिला बेपत्ता भएका श्रीमान्को अवस्थाबारे बेखबर छन्, उनीहरूलाई हेरेर चित्त बुझाएकी छु', भावुक हुँदै उनी भन्छिन् । राष्ट्रिय मानव अधिकार आयोगको तथ्यांकअनुसार कात्तिकको तेस्रो हप्तासम्ममा राज्य पक्षबाट १ हजार १ सय ९१ जना, माओवादी पक्षबाट ४ सय ५ र अज्ञात समूहबाट ६९ गरी कुल १ हजार ६ सय ६५ जना बेपत्ता भएका छन् ।

राज्य र माओवादी दुवै पक्षबाट बेपत्ता हुनेहरूमा अधिकांश पुरुषहरू छन् । हाम्रोजस्तो पितृसत्तात्मक समाजमा घरमूली र पैसा कमाउनेहरूमा प्रायः पुरुष नै हुन्छन् । लोग्नेको गिरफ्तारीपछि महिलालाई आर्थिक, राजनीतिक र सामाजिक रूपले धेरै अप्ठ्यारो पर्दछ । यसको उदाहरण हुन् दुर्गा केसी । उनी भन्छिन्, 'श्रीमान्को गिरफ्तारीपछि मेरो होटलमा खाना खाने मान्छे आउनै छोडे । तरकारी किन्न जाने साथीहरू टाढिन थाले, घरबेटीसँग पनि केही समय असमझदारी उत्पन्न भयो ।' त्यस्तै, फुटुङ्ग गाविस- ६, काठमाडौंकी सीता थपलिया ५ महिनादेखि बेपत्ता श्रीमान् शैलेन्द्रकुमार मास्केको खोजीमा छिन् । मास्के माओवादीको भ्रातृ संगठन नेवाः खलका संयोजक हुन् । उनी राज्यले बेपत्ता पारेका माओवादी कार्यकर्ताको सूची सरकारलाई दिने तरखर गर्दागर्दै समातिएका थिए । जिल्ला विकास समिति काठमाडौंमा कार्यरत सीताका श्रीमान्लाई राज्यले अहिलेसम्म आफ्नो नियन्त्रणमा लिएको स्वीकार गरेको छैन । यद्यपि शैलेन्द्र सेनाको ब्यारेकमा राखिएको सीता बताउँछिन् । सीता भन्छिन्, 'लोग्नेको कारणबाट परिवारले यातना पाउनुहुँदैन । श्रीमान्को राजनीतिक विचारप्रति म सहमत छैन । हिंसात्मक राजनीतिको म विरोध गर्छु । राज्यले उहाँलाई कानुनतः कारबाही गर्नुपर्छ वा जेल चलान गर्नुपर्छ तर बेपत्ता पार्नुहुँदैन । यदि सरकारले उहाँलाई सार्वजनिक गरेन भने विचलित अवस्थामा म पनि बन्दुक बोक्न बाध्य हुनेछु ।'

> लोग्ने गिरफ्तार भएदेखि आफ्ना साथी टाढा हुन थाले, घरबेटीले घर भाडामा दिन पनि किचकिच गर्न थालेका छन् ।

दुर्गा र सीताको भन्दा पीडादायक कथा छ देवी र मायाको । देवी र माया सत्य कथाका काल्पनिक नाम हुन् । दोलखा क्षेत्र नं. २ घर भएकी देवी प्रायः माओवादी पीडित संघको कार्यालयमा भेटिन्छिन् । उनी आफ्नो गाविस र वडानम्बर भन्न पनि डराउँछिन् । पत्रपत्रिका र टेलिभिजनले उनको समाचार दिएपछि घरबेटीले दुईपटकसम्म निकालिदिएको पीडा उनीसँग छ । त्यसैले उनी मिडियासँग हत्तपत्त कुरा गर्न चाहन्नन् । उनका श्रीमान् (उनी नाम प्रकाशित गर्न चाहन्नन्) ३ वर्षदेखि माओवादीको अपहरणमा परेका हुन् जसको अहिलेसम्म अत्तोपत्तो छैन । गाउँमा बस्न सक्ने अवस्था नभएपछि र काठमाडौं गएर लोग्नेको खोजी गर्न केही सजिलो होला कि भनेर उनी श्रीमान् बेपत्ता भएलगत्तै काठमाडौं आइन् । काठमाडौंमा उनलाई सहयोग गर्ने कोही भएनन् । उनी भन्छिन्, 'पत्रपत्रिकामा समाचार आएपछि माओवादीले मार्छन् कि भन्ने डर लाग्छ । माओवादी पीडित भन्ने थाहा पाए भने काम दिनेले पनि दिंदैनन् ।' देवीकी ५ वर्षीया छोरी छिन् । छोरी र आफ्नो ज्यान पाल्न धौ-धौ परेको बताउँदै उनी भन्छिन्, 'दुई ठाउँमा भाँडा माझ्छु, एक हजार रुपैयाँ आउँछ । श्रीमान् हुँदा गाउँमा अन्न बेचिन्थ्यो, अहिले कोठाभाडा तिरेर खोले खान पनि मुस्किल हुन्छ । मलाईभन्दा ठूलो श्राप भगवान्ले पनि कसैलाई दिएका छैनन् होलान् ।' यसो भनिरहँदा उनका आँखाबाट बर्बर्ती आँसु झरेका थिए । उता मायाको स्थिति भने अझै दर्दनाक छ । माया पनि दोलखा क्षेत्र नं. २ कै बासिन्दा हुन् । दुई वर्ष अगाडि मायाको परिवारसँग माओवादीले ५० हजार रुपैयाँ चन्दा मागेपछि उनीहरू पैसा तिर्न नसकेर राजधानी पसे । राजधानीमा ट्याक्सी चलाउने मायाका श्रीमान् एक वर्षअघि दोलखा जान भनेर काठमाडौंबाट हिंडे । तर, बीचबाटोमै माओवादीको अपहरणमा परे । त्यतिबेलादेखि उनको श्रीमान्को अत्तोपत्तो छैन । माया एक वर्षकी छोरी लिएर कोटेश्वरमा डेरा गरेर

बस्छिन् । लोग्ने बेपत्ता हुँदा उनको पेटमा ६ महिनाको बच्चा थियो । विगतमा भोगेको एउटा तितो अनुभवको कारणले गर्दा उनी थोरैलाई मात्र विश्वास गर्छिन् र कमै व्यक्तिसँग बोल्छिन् । उनका अनुसार केही महिनाअघि एउटा केटाले उनलाई बेपत्ता भएको श्रीमान् खोजिदिने भन्दै धेरै मानव अधिकारवादी संघसंस्थाको ढोकासम्म पुऱ्यायो । मायालाई उसको नियतमा शंका लाग्यो । मायाले उसको पृष्ठभूमि खोज्न थालिन् । धेरैपछि उनले थाहा पाइन् कि ऊ मुम्बईमा केटी पुऱ्याउने दलाल रहेछ । सीता थपलिया भन्छिन्, 'हामीलाई सामाजिक रूपमा अपहेलना गर्नेहरूले नै कुरा काट्दै हिंड्छन् । यो म एकजनाको मात्र कुरा होइन सबैले यस्तो मानसिक पीडा भोगेका छन् ।' जुनसुकै उमेर होस् वा वर्ग, निरक्षर होस् वा साक्षर जुनसुकै आर्थिक हैसियत भएकाहरूमाथि पनि यस्ता लान्छना लगाइने दुर्गा केसीको अनुभव छ । एकातिर लोग्ने नहुँदाको पीडा छ भने अर्कातिर एक्लो जीवन बिताउँदा आफूलाई कसरी परपुरुषको कुदृष्टिबाट जोगाउने भन्नेमा नै समय बित्छ । अरू आर्थिक उत्पादनका कामदेखि क्यारियर बनाउनेसम्मका कुरा त सोच्नै पाइँदैन ।

*श्रीमान् बेपत्ता भएपछि आर्थिक अभाव सँगसँगै उनीहरूले भोग्दै आएको अर्को मानसिक पीडा हो- चारित्रिक लान्छना । कसैसँग बोल्दासमेत उनीहरूमाथि शंका गरिन्छ ।*

राष्ट्रिय मानव अधिकार आयोगको संरक्षण महाशाखाका अनुसार बेपत्ता भएका नागरिक खोज्न राज्य पक्षका भन्दा माओवादी पक्षको गाह्रो हुने गरेको छ । महाशाखाका यज्ञप्रसाद अधिकारी भन्छन्, 'सरकारसँग पत्राचार र दुईतर्फी संवाद हुन सक्छ, तर माओवादीसँग अनुगमनमा गएकाबेलाबाहेक अरूबेला संवाद गर्न नसकिने भएकोले यो समस्या आइपरेको हो ।' अपहरण गरेका व्यक्तिलाई मानव अधिकारवादीले प्रेस वक्तव्यमार्फत् शीघ्र मुक्त गरिदिन गरेको अपिललाई माओवादीले पनि त्यति ध्यान दिएको पाइँदैन । यता सरकारले पनि सैनिक हिरासतमा राखिएका व्यक्तिलाई पक्राउ नै नगरेको भन्ने प्रचलन सामान्यजस्तै भएको छ । श्रीमान् अपहरणमा परेका थुप्रै महिला बेपत्ता पार्ने पक्षको डर, आर्थिक अभाव, आवश्यक कानुनी ज्ञानको अभावमा वर्षौंसम्म पिरोलिएर बस्न बाध्य छन् ।

□□□

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# सबै कुरा यौनसँग जोडेर किन हेरिन्छ ?

आजभोलि प्राय:जसो कामकाजी महिलाको प्रगतिमा पुरुषको नाम जोडेर हेर्ने गरिन्छ । मानौं महिला एक्लैले प्रगति नै गर्न सक्दैनन् भन्ने रुढीवादी सोचमा परिवर्तन हुनु आवश्यक छ ।

**सच्ची मैनाली**

तपाईं एक्लै ? साथमा को-को जाँदैछन् ? अनि कति दिन बस्ने ? सामाजिक, राजनीतिक तथा अन्य क्षेत्रमा काम गर्ने महिलाहरूले प्रत्येक कामको सिलसिलामा घरबाहिर जाँदा यस्ता प्रश्नहरूको सामना गर्नुपर्छ । हरेकपटक नै यस्ता प्रश्नहरूले महिलाहरूलाई पछ्याइरहेका हुन्छन् । कतिपय अवसरहरू त महिलाहरूले यस्तै प्रश्नका कारण गुमाउनुपर्दछ । त्यसमा पनि व्यावसायिक क्षेत्रमा अगाडि बढेका महिलाहरूले त यसको नराम्ररी सिकारै बन्नुपरेका घटनाहरू प्रशस्तै छन् । शुभद्रा बेल्बासे एउटा यस्तो नाम हो जसले कामको सिलसिलामा प्रत्येकपटक महिला हुनुको मूल्य चुकाउनुपरेको छ । गैरसरकारी संस्थामा काम गर्ने क्रममा आएका विभिन्न अवसर उहाँका लागि निकै महँगो पर्थ्यो । उहाँका हरेक सफलतालाई सहकर्मीहरूले यौनजन्य कुरासँगै जोडेर हेर्थे । तालिमका लागि अवसर पाउनु, नयाँ-नयाँ प्रोजेक्टका लागि काम पाउनेजस्ता कुरामा पनि उहाँभन्दा माथिल्ला ओहोदाको पुरुषसँग उहाँको नाम जोडिन्थ्यो । व्यक्तिगत क्षमताको कसैले कुरै गर्दैनथ्यो । 'आफ्नो क्षेत्रमा म कुनै पुरुष सहकर्मीभन्दा कमजोर थिइनँ, बरु

सधैं अगाडि नै रहन्थें । तर पनि मैले पाउने हरेक अवसर र सफलतालाई मेरा सहकर्मीले अन्य पुरुषसँगको नराम्रो सम्बन्धको उपलब्धि ठान्थे ।' बेल्बासे भन्नुहुन्छ, 'कतिपय बेला त म यस्तो चिन्तामा पर्थें कि त्यही कारण कयौं रोगहरू लागे । मानसिक पीडाकै कारण कपाल फुल्ने र झर्ने रोगबाट म ग्रसित बन्नपुगें । क्षमता प्रदर्शन गरेर अगाडि बढ्नुपर्ने बेलामा यस्ता अनुत्पादक कुरामा अल्झिनुपरेको कारण मेरो व्यक्तित्व-विकासमा समेत असर पर्‍यो ।' विश्व परिदृश्य नेपालका निर्देशक शुभद्रा बेल्बासेले श्रीलंका, बंगलादेशलगायत विभिन्न राष्ट्रमा विभिन्न प्रोजेक्टमा निर्देशक र वरिष्ठ सञ्चार तथा वकालत सल्लाहकारसमेत रहेर काम गरिसक्नुभएको छ । उहाँ प्लान इन्टरनेसनल (रेसा) नैरोवीका प्रथम महिला क्षेत्रीय निर्देशकसमेत रहिसक्नुभएको छ ।

कुनै महिला केही दिन एउटा लोग्नेमान्छेसँग सँगै हिंडेमा मात्रै पनि उसको नाम त्यस लोग्नेमान्छेसँग जोडिन्छ । चाहे ऊ कामविशेषले हिंडेकी होस् वा ऊ उसको घनिष्ठ मित्र वा पारिवारिक सम्बन्धको मान्छे नै किन नहोस् ।

भनिन्छ, सफल पुरुषको पछाडि महिलाको हात हुन्छ । त्यस्तै सफल महिलाको पछाडि पनि कुनै पुरुषको हात हुनसक्छ । यो स्वाभाविक हो । त्यो पुरुष उसको दाजु, भाइ, बाबु, पति वा राम्रो साथी पनि हुनसक्छ । तर, शताब्दीयौंदेखि परम्पराको नाममा पिल्सिँदै आएका महिलाहरूका प्रत्येक क्रियाकलापलाई यौनजन्य कुरासँगै जोडेर हेरिन्छ । मानौं कसैसँग राम्रो सम्बन्धको हुनु भनेको यौन-सम्बन्ध नै हुनसक्छ भनेर कुरा काट्नेको जमात एकदमै धेरै हुन्छ ।

सामाजिक कार्यकर्ता मात्रै होइन राजनीतिमा लागेका महिलाहरूका नाम पनि बेलाबखतमा कसै न कसैसँग जोड्ने गरिन्छ । नेकपा एमालेका केन्द्रीय सदस्य विद्या भण्डारीको नाम पनि बेलाबखत पार्टीकै अग्रज नेतासँग जोड्ने गरिन्छ । तर, आमएमाले कार्यकर्ता भन्छन्, 'उहाँमाथि लागेको आरोप उहाँको क्षमतालाई ओझेलमा पार्ने प्रयास मात्रै हो ।' स्वयं भण्डारी भन्नुहुन्छ, 'राजनीति भनेको कसैको संरक्षण हुँदैमा गर्न सकिने कुरा होइन । यो नितान्त व्यक्तिगत क्षमतामा भरपर्ने कुरा हो । त्यसैले राजनीतिमा लागेका महिलाहरू कसैको संरक्षणमा नेतृ बनेका छन् भन्नु निरर्थक हो ।'

त्यसो त सम्पन्न परिवारमा जन्मिनुभएकी विज्ञान तथा प्रविधि राज्यमन्त्री प्रतिभा राणाले पनि छोरी हुनुको पीडा राम्रैसँग महसुस गर्नुभयो । 'मेरो बाल्यकाल र जवानी पर्दामै बित्यो । सानैदेखि म सक्रिय स्वभावकी थिएँ । जे काम गर्न पनि अगाडि सर्थें । तर, विद्यालयदेखि क्याम्पस र ट्युसन पढ्ने बेलामा समेत मेरो साथमा एउटा असिस्टेन्ट पठाइन्थ्यो । मैले कहिल्यै खुला रूपमा हिंड्न पाइनँ । तर, जब सामाजिक क्षेत्रमा हात हालें त्यसपछि मात्रै मलाई केही हल्का महसुस भयो', राणा भन्नुहुन्छ ।

महिला भन्नासाथै सबैको नानी, बहिनी, छोरी नै हुनुपर्छ । ऊ कुनै व्यावसायिक सामर्थ्य भएकी सहकर्मी हुनै सक्दिन भन्ने मान्यता हाम्रो समाजका हरेका पुरुष सहकर्मीमा व्याप्त छ । त्यसैले पनि होला हरेक क्षेत्रमा उसले पाएको अवसर र सफलतालाई समेत यौनजन्य कुरासँगै जोडिन्छ । फेरि रमाइलो त के छ भने यसरी नाम जोडिंदा त्यो व्यक्ति प्रायः उसको हाकिम वा अन्य सहकर्मी वा ऊभन्दा सिनियर व्यक्ति नै हुने गर्छ । मानौं उसका हरेक सफलता पनि हाकिम वा अन्य व्यक्तिकै अनुकम्पामा टिकेको हुन्छ ।

कुनै महिला केही दिन एउटा लोग्नेमान्छेसँग सँगै हिंडेमा मात्रै पनि उसको नाम त्यस लोग्नेमान्छेसँग जोडिन्छ । चाहे ऊ कामविशेषले हिंडेकी होस् वा ऊ उसको घनिष्ठ मित्र वा पारिवारिक सम्बन्धको मान्छे नै किन नहोस् । पत्रकारिता क्षेत्रमा महिलाहरूले कति बेला कस्तो मान्छेसँग सम्बन्ध राख्नुपर्ने हुन्छ त्यसको त झन कुनै टुंगो नै हुँदैन । समाचार संकलनको क्रममा एउटा महिलाले गल्ली-गल्ली र चोक-चोक वा कसैको घर अनि भट्टी-भट्टी पनि धाउनुपर्ने हुन्छ । तर, यो वास्तविकता बुझेर पनि बुझपचाउनेहरू भन्छन्- ....यो केटी चरित्रहीन छ । यस्ता अभिव्यक्ति प्रायजसो पुरुषहरूबाट आउने गर्दछन् भने केही व्यावसायिक महिला पनि आफूलाई

चरित्रवान भएको प्रमाणित गर्न सहकर्मी महिलाकै कुरा काट्न पछि पर्दैनन् ।

'जोखिम उठाएर एउटा खतरापूर्ण रिपोर्टिङ गर्ने प्रस्ताव मैले सम्पादकसँग गरें, प्रस्ताव स्वीकृत भयो र अपेक्षा गरेअनुसार नै रिपोर्टिङले चर्चा पनि पायो ।' नाम उल्लेख गर्न नचाहने एक पत्रकार महिला भन्नुहुन्छ, 'तर, दुर्भाग्य त्यो रिपोर्टिङ चर्चित भएपछि मैले मेरा सहकर्मीबाट स्यावासी पाउनुको सट्टा सम्पादकसँग अनैतिक सम्बन्ध गाँसिएको नातो पाएँ । वास्तविकता के हो ? कसैले बुझ्ने प्रयत्नै गरेनन् । मलाई एकमाथि अर्को लाञ्छना लगाइयो र पाएका अवसरहरूलाई सम्पादककै अनुकम्पाको नाम दिइयो । आफ्नो सक्षमता प्रमाणित गर्ने बेलामा स्पष्टीकरण दिँदैमा मेरा दिनहरू बिते । महिनौंसम्म मैले मानसिक चिन्ताबाट गुज्रिनुपर्‍यो । दिनरात आँसुका बलिन्द्र धारा बग्नाले आँखासमेत कमजोर भयो । डाक्टरले आँसु सुकेकोले यस्तो भएको बताए ।'

बचपनमा बाबु, दाजु, जवानीमा पति अनि बुढेसकालमा छोरा र कार्यालयमा पुरुषको अधीनस्थ बस्नुपर्छ भन्ने हाम्रो सामाजिक मान्यताको उपज हो महिलामाथि गरिने यस्ता यौन दुर्व्यवहार ।

□□□

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# बिहेभन्दा विद्यालय पठाउने हतारो

*सन् २००५ सम्ममा कक्षामा बालक र बालिकाको संख्या बराबरी पुर्‍याउने लक्ष्य पूरा गर्न राज्य र गैरसरकारी तहबाट बालिका प्रोत्साहनका थुप्रै कार्यक्रमसमेत लागू गरिए । तर यो सबै ठाउँमा प्रभावकारी हुन सकिरहेको छैन ।*

**✍ भूपराज खड्का**

दिनको बाह्र बजेको छ । टन्टलापुर घाममा विद्यालयको मैदानमा गोलाकार भएर सत्तरी/पचहत्तरजना विद्यार्थी पढ्दैछन् । अधबैंसे गुरुआमा हातमा लट्ठी लिएर पढाउन व्यस्त देखिन्छिन् । सोही ठाउँमा झन्डै गुरुआमाजस्तै देखिने सात/आठजना किशोरी पनि एक छेउमा बसेर पढिरहेका छन् । बाहिरबाट जो-कोहीले पनि पहिलोपटक उनीहरूलाई 'नमस्कार म्याडम' भन्छन् । तर, ती किशोरीहरू लजाउँछन् र केही बोल्दैनन् । बरु शिर झुकाउँछन् ।

> तराईको समाजमा व्याप्त प्रचलन रजश्वला हुनुभन्दा पहिला विवाह गर्नुपर्छ भन्ने अन्धविश्वासबाट उनीहरू बचे । घरायसी काम गरेर बसेका यी युवतीहरूले गाउँमै ग्रामीण महिला उत्थान केन्द्रले सञ्चालन गरेको बालकक्षाको अध्ययन पूरा गरे ।

दाङ जिल्लाको गोलटाकुरी गाविसका सात घरधुरीका गाउँलेले २१ देखि २६ वर्षसम्मका आफ्ना छोरीहरूलाई गाउँको प्राथमिक विद्यालयमा भर्ना गरेर उदाहरण प्रस्तुत गरेका छन् । कक्षाकोठामा बस्ने र अट्ने ठाउँ नभएपछि पढाउन सजिलो होस् भनेर मैदानमा राखेर गुरुआमा पढाउँछिन् । पढ्न उमेरले नछेक्नेरहेछ भनेर भन्न थालेका छन् गोलटाकुरीबासीले । गाउँमा नै सञ्चालन भएको बालकक्षा पढेपछि विद्यालय जान छोरीले मन गरेकीले विद्यालयमा भर्ना गरिदिएको सपना चौधरीका बाबु सतनलाल बताउँछन् ।

तराईको समाजमा व्याप्त प्रचलन रजश्वला हुनुभन्दा पहिला विवाह गर्नुपर्छ भन्ने अन्धविश्वासबाट उनीहरू बचे । घरायसी काम गरेर बसेका यी युवतीहरूले गाउँमै ग्रामीण महिला उत्थान केन्द्रले सञ्चालन गरेको बालकक्षाको अध्ययन पूरा गरे । गाउँको प्राथमिक विद्यालय कौवाघारीमा यसै शैक्षिक सत्रदेखि उत्साहका साथ भर्ना भएका छन् उनीहरू ।

यसरी औपचारिक कक्षामा प्रवेश पाउनेहरूमा सावित्री चौधरी, धनकुमारी चौधरी, कमला चौधरी, बेरमती चौधरी, सपना चौधरी,

राधा चौधरी, रापती चौधरी र प्रेमलता खड्का छन् । कक्षा पाँचमा पचहत्तरजना विद्यार्थीका माझमा बसेर अध्ययन गर्दा यी युवतीहरू शिक्षिकाजस्ता देखिन्छन् । आफूले नजानेको र नबुझेको कुरा आफूभन्दा कम उमेरका साथीभाइलाई सोध्न भने उनीहरू हिचकिचाउने गर्छन् । सुरुसुरुमा अप्ठ्यारो लागे पनि अहिले आएर भने एकदमै सहज लाग्ने गरेको उनीहरू बताउँछन् । उक्त विद्यालयमा उमेरको कुनै छेकबारबेगर भर्ना लिइरहेको अवस्था छ तर गाउँकै अन्य विद्यालयमा भने विद्यार्थी धेरै नआउन् भनेर बढी उमेरकालाई भर्ना नलिएको उदाहरण दिन्छन् सोसाइटी वेलफेयर एजुकेसन नेपालका कृष्ण चौधरी । यस्तो संस्कार र परम्पराका विरुद्ध उदाहरण नै बनेको छ कौवाघारी प्राथमिक विद्यालय । "अभिभावकहरू आफ्ना छोरी लिएर भर्ना गर्न आए, हामीले उमेर नहेरी भर्ना गर्‍यौं," प्रधानाध्यापक रोवरसिंह ढकाल बताउँछन् ।

सन् २००५ सम्ममा कक्षामा बालक र बालिकाको संख्या बराबरी पुर्‍याउने लक्ष्य पूरा गर्न राज्यका तर्फबाट र गैरसरकारी तहबाट बालिका प्रोत्साहनका थुप्रै कार्यक्रमसमेत लागू गरिए । यो कार्यक्रम सबै ठाउँमा प्रभावकारी हुन सकिरहेको छैन । यी सुविधा नपुगेको गोलटाकुरीको यो विद्यालयमा भने सरकारी लक्ष्य प्राप्त भएको छ । शिक्षा विभाग र शिक्षा कार्यालय यसरी कति विद्यालयमा सरकारले राखेको लक्ष्य पूरा भयो भनेर देखाउनसमेत सक्ने अवस्थामा छैनन् । विद्यालयबाट सही ढंगको तथ्यांक नआएका कारण देखाउन असक्षम रहँदै आएको कुरा स्वीकार गर्छन् दाङका शिक्षा अधिकारी चूडामणि पौडेल । यसरी राज्यले सञ्चालन गरेको अभियानमा शिक्षकहरूलाई समावेश नगराएका कारण यस्ता अभियान पूरा हुन नसकेको बताउँछन् शिक्षक संघका अध्यक्ष केशव भट्टराई ।

*बालिकालाई तेल, लुगा बाँड्ने र छात्रवृत्ति कार्यक्रम पनि सञ्चालन गरिएका छन् । यस्ता सुविधा पाउञ्जेल बालिका कक्षाकोठाभरि हुन्छन् तर सुविधा बन्द हुनासाथ उनीहरूले विद्यालय नै छाड्नेसमेत गरेका छन् ।*

सन् २००० मा सेनेगलको डकारमा सम्पन्न सम्मेलनले शिक्षामा बालिकाको पहुँच समान रूपमा पुर्‍याउने प्रस्ताव पारित गरेको थियो । त्यसैगरी प्राथमिक तथा माध्यमिक शिक्षाको माध्यमबाट सन् २००५ सम्ममा लैङ्गिक विभेद अन्त्य गर्ने प्रस्ताव पनि पारित गरिएको थियो । साथै सम्मेलनले २०१५ सम्म सबैलाई शिक्षा दिने प्रस्ताव पनि थप गर्‍यो । नेपालमा पनि सुरुका वर्षमा यस विषयले ठूलै चर्चा पायो । तर, सन् २००५ पूरा हुन एक वर्ष मात्र बाँकी हुँदासम्म कक्षाकोठामा लैङ्गिक समानताको कुरा सरकारीतर्फबाट उठाउनै सुरु गरिएको छैन । मानौं यो अभियान राज्यले बिर्सिसकेको छ । यद्यपि दाङको दुर्गम गाउँ गोलटाकुरीको यो प्राथमिक विद्यालय भने लैङ्गिक विभेद अन्त्य गर्ने प्रयासमा छ । प्राथमिकस्तरमा दाङ मात्र होइन विद्यालय संख्या कम रहेको कपिलवस्तु जिल्लाको सीमावर्ती गाविस हथिहवाको सूर्यकुमारी शेरचन प्राविमा यो शैक्षिक सत्रमा कक्षा १ मा मात्र २२८ जना विद्यार्थी भर्ना भएकोमा ११४ जना बालिका रहेका छन् । उक्त प्राविका प्रधानाध्यापक राइटरप्रसाद यादवका अनुसार गाउँलेमा पढ्नुपर्छ भन्ने चेतना बढेको छ । छात्रा संख्या बढ्नुमा अभिभावक तयार हुनु हो भन्छन् यादव ।

आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रमअन्तर्गत बालिका शिक्षा कार्यक्रमले छात्रा प्रोत्साहन छात्रवृत्ति, लैङ्गिक सचेतना, विशेष लक्षित समूहका लागि कार्यक्रम सञ्चालन गरेको थियो । कार्यक्रमहरूबाट सोचेजति उपलब्धि हात नपरे पनि प्राथमिक विद्यालयमा बालिका संख्या भने केही बढेको शिक्षा विभागका निर्देशक जनार्दन नेपाल बताउँछन् । शिक्षा विभागको पछिल्लो तथ्यांकअनुसार नेपालमा ३ लाख ८० हजार बालबालिका विद्यालयबाहिर रहेका छन् । त्यसमा गरिबी र सामाजिक रूपमा पछाडि परेको समुदायका बालिकाको संख्या ठूलो छ ।

विगत चार वर्षदेखि बालिका शिक्षा लागू भएका १७ जिल्लाका ३४ गाविसमा मात्र होइन अन्य जिल्लामा पनि उल्लेख्य बालिकाको संख्या बढेको छ । उता शिक्षा विभागले सार्वजनिक गरेको तथ्यांकमा नेपालमा प्राथमिक विद्यालयमा खुद भर्नादर ८६.९ प्रतिशत छ भने बालिकाको भर्नादर ७५.१ प्रतिशत रहेको छ । उता माध्यमिकस्तरमा भने लैङ्गिक विभेद चर्को रहेको

छ। यसमा रजश्वला हुनुभन्दा अगाडि विवाह गरिदिन अभिभावक हतारिनु, बालिकालाई अनुकूल हुनेगरी विद्यालय नहुनु, रोजीरोटीका लागि बालकभन्दा पनि बालिकालाई घरायसी काममा लगाउनुले यो विभेद झनै देखिनुको मुख्य कारण रहँदै आएको छ।

युनिसेफद्वारा हालै प्रस्तुत 'विश्वका बालबालिकाको अवस्था २००४' को प्रतिवेदनले शिक्षा क्षेत्रमा लैङ्गिक समानताको जग नबसाएसम्म अन्य लक्ष्यतर्फका उपलब्धि दिगो हुन नसक्ने निष्कर्ष निकालेको छ। प्रतिवेदनले यो लक्ष्य पूरा गर्नका लागि बालिकाका लागि दिइने शिक्षालाई विकास प्रयासको एउटा अत्यावश्यक तत्वका रूपमा समावेश गर्नुपर्ने, यसलाई राष्ट्रिय नारा बनाउनुपर्ने, विद्यालय शुल्कका नाममा अन्य कुनै रकम लिन नहुने सुझाव दिएको छ।

सरकार विद्यालयको कक्षाकोठामा लैङ्गिक असमानता हटाउने प्रतिबद्धता घोषणा गर्दछ। तर, आफ्ना विद्यालयको वास्तविकता के छ भनेर हेर्न भने सक्दैन। उता बालिका प्रोत्साहन कार्यक्रम प्रभावकारी बन्न सकिरहेको छैन। कक्षामा बालिका बढेकोमा जस लिएर बस्ने परम्परा पनि छँदैछ। शिक्षा मन्त्रालयले उमेर, क्षेत्र, जात र लिङ्गका आधारमा विद्यालयमा भर्ना नलिने प्रचलनलाई समेत हटाउनु जरुरी छ।

□□□

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# पुरुषलाई भन्दा महिलालाई गाह्रो

*अहिले पनि दिउँसोतिर शौच बस्नुपर्ला भन्ने डरले नयाँ दुलहीलाई थोरै खानेकुरा दिने प्रचलन तराईका धेरै ठाउँमा विद्यमान छ।*

**मधु राई**

'पहिले-पहिले गाह्रो हुन्थ्यो अहिले बानी परिसकें', विराटनगर-५ इक्राही निवासी मञ्जु भण्डारी खुला ठाउँमा शौच बस्दाको आफ्नो अनुभव यसरी सुनाउँछिन्। माइतीमा चर्पी प्रयोग गर्दै आएकी भण्डारीलाई बिहेपछि घरमा धेरै असहज परिस्थितिको सामना गर्नुपर्‍यो। भण्डारी मात्र होइन छिमेकी रमा भट्टराई पनि पुरुषलाई भन्दा महिलालाई खुला ठाउँमा शौच बस्न गाह्रो हुने बताउँछिन्। 'पुरुषहरूभन्दा चाँडै उठ्न सके मात्र राम्ररी शौच बस्न पाइन्छ', भट्टराई थप्छिन्।

> "दुई वर्षअघि जनपथ मावि विराटनगर-१५ बस्ने कक्षा ६ मा पढ्दै गरेकी सहनी थरकी एउटी बालिका बिहानीपख नजिकैको खेतमा शौच बस्न जाँदा बलात्कृत भइन्।"

भण्डारी र भट्टराईजस्तै जानकी इंग्लिस स्कुलकी शिक्षिका पुष्पा भण्डारी पनि खुला ठाउँमै शौच बस्ने गर्छिन्। उनको पीडा र अनुभव पनि उनीहरूको भन्दा भिन्न छैन। यसरी विराटनगर उपमहानगरपालिकाको नगरक्षेत्र वरिपरि मधेसीमूलका समुदायमा खुला ठाउँमा शौच बस्ने संस्कार सामान्य देखिए पनि नगरक्षेत्रभन्दा ५ किलोमिटर पश्चिमको वडा नं. ५ का बहुसंख्यक नेपालीहरू चर्पीको सुविधाबाट बञ्चित छन्।

यस्तै दिउँसोतिर शौच बस्नुपर्ला भन्ने डरले नयाँ दुलहीलाई थोरै खानेकुरा दिने प्रचलन आफ्नो वडामा रहेको जलेश्वरी यादव बताउँछिन्। 'नयाँ दुलहीलाई मात्र कहाँ हो र ज्वाइँलाई समेत गाह्रो हुन्छ', रामदेवी राजवंशी थप्छिन्। इक्राहीको बाँसघारी र नहरलाई ठूलाले खुला शौचालयका रूपमा प्रयोग गर्दै आए तापनि स-साना केटाकेटी र बिरामीहरू घरनजिकै वा बाटोमै शौच बस्ने गर्दछन्। 'जथाभावी शौच बस्दा रोगव्याधीले सताउँछ भन्ने हामीलाई थाहा छ तर हामी बाध्य छौं', डेजीदेवी यादव भन्छिन्।

यसरी जथाभावी शौच बन्दा रोगव्याधी लाग्ने कुरा यादवजस्ता सीमित व्यक्तिलाई सामान्य थाहा भए पनि दिसा-पिसाबले निम्त्याउन सक्ने क्षतिका बारेमा बहुसंख्यक मानिस अनभिज्ञ छन्। यस्तै साथीसंगी र समाजमा यो घटनाले चर्चा पाएपछि बालिकाको अध्ययन नै छुट्यो। यसरी चर्पीको

सुविधाबाट बञ्चित वर्गमध्ये महिला र बालबालिकाहरू बढी पीडित हुनुपरेको छ। कतिपय चर्पी नभएको समुदायका महिलाहरू सबेरै वा बेलुकी भएपछि मात्र बाहिर शौच बस्ने गर्दछन् ।

यसरी नगरबासीले पाउनुपर्ने न्यूनतम आधारभूत आवश्यकताबाट विराटनगर उपमहानगरपालिकाका अधिकांश वडाबासी बञ्चित छन् । त्यसो त नगरपालिकाले हरेक वर्ष नगरक्षेत्रका वडाहरूलाई भौतिक विकास निर्माणका लागि लाखौं रुपैयाँ दिने गरेको छ । तर, सामाजिक विकासलाई भन्दा भौतिक विकास निर्माण कार्यलाई प्राथमिकता दिने नगरपालिकाको नीति र कार्यक्रमका कारण आज वडा नं. ५ जस्ता अविकसित र अल्पविकसित वडाका वडाबासीहरूमा चर्पी प्रयोग गर्नुपर्छ भन्ने चेतनाको विकास हुन सकेको छैन ।

यस्तै वडा नं. ५ का वडाबासीले भोग्नुपरेको दैनिक समस्यालाई समाधान गर्न पूर्व वडाध्यक्ष बालकराम चौधरी पनि प्रयासरत हुनुहुन्छ । चौधरी यस वर्ष नगरपालिकाले आफ्नो वडाका करिब ७ हजार ५ सय वडाबासीका लागि विकास निर्माण कार्यका लागि रु. १५ लाख बजेट छुट्याएको बताउँछन् । गत वर्षको प्रस्तावित कार्यक्रमलाई नै सबै वडाले निरन्तरता दिनुपर्ने प्रावधान रहेकोले चाहेर पनि वडाले वडाबासीलाई चर्पी निर्माणका लागि आर्थिक सहयोग गर्न नसकेको चौधरी बताउँछन् । त्यस्तै नगरपालिकाले वडाका लागि भनेर सामाजिक विकास कार्यमा प्रत्यक्ष सहयोग नगरे गत वर्ष नेपाल स्वास्थ्यका लागि पानी नेवा भन्ने एउटा गैरसरकारी संस्थाबाट सरसफाइसम्बन्धी कार्यक्रम ल्याएको छ ।

गत वर्षदेखि इक्राहीमा स्वास्थ्यसम्बन्धी कार्यक्रम सञ्चालन गर्दै आएको गैरसरकारी संस्था नेपाल स्वास्थ्यका लागि पानी नेवाले केही महिनायता चर्पी कार्यक्रम सुरु गरेको छ । नेवाले वडाका २ सय १९ घरपरिवारलाई चर्पी बनाउन आंशिक सहयोग गर्ने कार्यक्रम अघि सारेको छ । प्रतिघरपरिवारले न्यूनतम रु. ५ देखि ८ सय बुझाई सहयोग प्राप्त गर्नसक्ने नेवाकी स्वास्थ्य शिक्षिका सुशीला राई बताउनुहुन्छ । चर्पी निर्माणका लागि आफ्नो संस्थाले यस्तो सहयोग उपलब्ध गराउँदै आए पनि गरिबी र अशिक्षाका कारण वडाका सबै घरपरिवारले भने चर्पी निर्माणकार्यलाई त्यति महत्व नदिएको शिक्षिका राई बताउनुहुन्छ ।

यसरी सहज र स्वाभाविकरूपमा मलमूत्र त्याग्न नपाएका महिलाहरू आज कहिले उज्यालोको पर्खाइमा कहिले अँध्यारोको पर्खाइमा जीवन धानिरहेका हुन्छन् । यस्तै यसरी शौच बस्दाका लागि अँध्यारो र उज्यालोको पर्खाइमा बस्ने बहुसंख्यक महिलाहरूलाई मलमूत्रजन्य रोगले सताउने गर्दछ । स्वाभाविक र सहजरूपमा मलमूत्र त्याग्ने प्राकृतिक नियमलाई आज मानिसको अज्ञानता र अशिक्षाले चुनौती दिएको छ । यस्तै खुला ठाउँमा शौच बस्दा महिलाले भोग्नुपरेको दैनिक समस्यालाई चर्पीको महत्व नबुझ्ने समुदायले त्यति गम्भीरताका साथ लिएको देखिँदैन ।

> *एकान्त ठाउँको खोजीमा जाँदा महिलाले कहिलेकाहीँ जंगली जनावरको अकस्मात हमला सहनुपर्दछ । विशेषगरी तराईका कतिपय खुला ठाउँमबा शौच बस्दा महिलाहरूले यौनशोषणजस्ता दुर्व्यवहार पनि सहनुपर्दछ ।*

महिलाले भोग्नुपरेको यस्तो समस्या दैनिकीसँग गाँसिएको हुन्छ । एउटी महिला वा बालिकाले खुला ठाउँमा शौच बस्दा यौन दुर्व्यवहारको सिकार वा बलात्कृत हुँदा उसले भोग्नुपरेको शारीरिक र मानसिक पीडा अकल्पनीय हुन्छ ।

चर्पीको सुविधाबाट बञ्चित घरपरिवार र समुदायले यस्ता कुरालाई महसुस गरेको पाइँदैन । यस्ता समुदायमा मानिसहरूले चर्पी नबनाउनुको मुख्य कारण चर्पीको आवश्यकता महसुस नगर्नु हो भन्ने पञ्चवर्षीय कार्ययोजना खानेपानी तथा ढल निकास विभागले सन् १९९९ मा गरेको एउटा अध्ययनले देखाएको छ ।

यस्तै नेपाल स्वास्थ्यका लागि नेवाले सन् २००३ मा गरेको एउटा अध्ययनअनुसार नेपालमा हरेक बिहान १ करोड ७० लाख मानिस गाउँ तथा शहरका खुला ठाउँमा शौच बस्ने गर्दछन् । मानिसको एक ग्राम दिसामा रोगका एक करोड भाइरस, १० लाख ब्याक्टेरिया, १२ हजार परजीवी र जुकाका सयवटा फुल हुन सक्छन् भन्ने

युनिसेफले सन् २००० मा गरेको अध्ययनले देखाएको छ। यस्तै अल्पविकसित र विकासशील देशहरूमा ८० प्रतिशत रोगहरू सरसफाइको कमीले लाग्ने गर्दछ। सरसफाइ र वातावरणसम्बन्धी आधारभूत शिक्षाबाट बञ्चित यस्ता मानिसहरूलाई जागरुक बनाउने नीति राज्यले बनाए पनि लागू हुन सकेको छैन।

□□□

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

# पेन्सनका लागि लड्दालड्दै दश वर्ष बित्यो सुकमायाको

*समान कामका लागि समान अधिकारका बारेमा अढाई वर्षदेखि गोरखा भूपू सैनिक र बेलायत सरकारबीच मुद्दा चलिरहे पनि नेपालमा भने असमान कामको पेन्सन पाउन पनि विधवा रातदिन लड्नुपर्ने अवस्था छ।*

✍ **बिमला तुम्खेवा**

ब्रिटिस सरकारद्वारा सञ्चालित दोस्रो विश्वयुद्धताका खालिहाल फर्काइएका ब्रिटिस सैनिक र तिनका विधुवालाई वितरण गर्दै आएको पेन्सन अहिले पनि ७० प्रतिशत तिनका विधुवाहरूले पाउन सकेका छैनन्।

ब्रिटिस सरकारले बनाएको नियमअनुसार सरकारको सेवा गर्दाताकाको लालबुक भए अझ पनि तिनका विधुवा र आर्मीहरूले पेन्सन पाउने व्यवस्था छ। तर, अहिले पेन्सन नपाउनेहरूमा ८० प्रतिशत भूपू सैनिक अत्यन्त दुर्गम जिल्लाहरूमा बसोबास गरिरहेका छन्। बाँकी झन्डै ४० प्रतिशत तिनका विधुवा अत्यन्तै कमजोर आर्थिक स्थितिबाट गुज्रिरहेका छन्।

> *पहिला नेपालमा विवाह दर्ताको प्रचलन नभएको कारण कतिपय विधुवासँग विवाह दर्ताको प्रमाणपत्र नै हुँदैनथ्यो। यसले गर्दा पनि उनीहरू यो अधिकारबाट बञ्चित छन्।*

तेह्रथुम आखे घर भई हाल पथरीमा स्थायी बसोबास गर्दै आएकी ५८ वर्षीया सुकमायाले लामो समय हन्डर खाँदा पनि च्यारिटी पेन्सन पाउन सकेकी छैनन्। आर्थिक अवस्था अत्यन्तै कमजोर भएको कारण पथरीस्थित सुकुम्बासी जग्गामा बसोबास गर्दै आएकी सुकमायाका लोग्ने खड्गबहादुर लिम्बुको मृत्यु भइसकेको छ। सुकमायाले पेन्सनका निम्ति विगत १० वर्षदेखि ब्रिटिस वेलफेयरमा निवेदन दिँदै आएकी छिन्। तर, उनको पेन्सन पाउने आशा उनको फुलेको कपालसँगै निराश हुँदै आएको छ। सुकमायाका लोग्ने खड्गबहादुर लिम्बुलाई ब्रिटिस सरकारले १० वर्ष ब्रिटिस सेनामा सेवा गरेपश्चात् बिनापेन्सन नेपाल फर्काइदिएको थियो। तर, ब्रिटिस सेनामा भर्ती भएपश्चात् चार वर्ष मात्र सेवा गरे पनि गोराहरूले भने पेन्सन पाउने व्यवस्था छ। आर्थिक अवस्था अत्यन्तै दयनीय भएका कारण सुकमाया अझ पनि पेन्सन पाउन धाउँदै छिन्। साधारण व्यापारबाट आफ्नो जीवन गुजारा गर्दै आएकी सुकमायाकी हाल एकजना छोरी मात्र छन् भने यसअघि नै उनका दुई छोराको मृत्यु भइसकेको छ।

पेन्सन पाउन आवश्यक ब्रिटिस सरकारले खोजेको कागजात पनि उनीसँग सुरक्षित छ। तर, कहिले उनले पेन्सन पाउने ? त्यो भने अन्योल छ। किन उनले पेन्सन पाइनन् ? स्वयं वेलफेयरसँग जवाफ छैन। ब्रिटिस सरकारले १९९७ भन्दा यता आएर गोरखा सैनिक र तिनका परिवारको आर्थिक स्थितिप्रति विशेष लचकता अपनाएको छ। तर पनि दोस्रो विश्वयुद्धताका र भारत स्वतन्त्र भएताका खालिहात फर्काइएका ब्रिटिस सेना र तिनका विधुवाहरू अझै पनि पेन्सन पाउनबाट बञ्चित छन्।

धेरैजसो महिला साधारण लेखपढ मात्र गर्न जान्दछन्। उनीहरू पेन्सन पाउनका लागि आवश्यक पर्ने कागजात जुटाउन पनि सक्दैनन्। त्यसैका कारण उनीहरू आफ्नो अधिकारबाट बञ्चित छन्। अझ कतिलाई डिस्चार्ज सर्टिफिकेटबिना नै फर्काइएको कारण उनीहरूसँग

कानुनी हतियार छैन। पेन्सनको अधिकारबाट बञ्चित रहँदै आएका झन्डै ४० प्रतिशत भूपू सैनिक र तिनका विधुवालाई सर्वसुलभ तरिकाबाट पेन्सन उपलब्ध गराउन ब्रिटिस सरकारको सहयोगमा नेपालमा वेलफेयर सेन्टर खोलेर सञ्चालनमा ल्याइएको छ। तर, वेलफेयरको सर्वसुलभ नीतिको अभावका कारण असहाय महिलाहरू झनै पीडित भएका छन्। असहायहरूका निम्ति खोलिएका यस्ता संस्थाको स्पष्ट नीतिको अभावमा यी सेन्टरहरू हात्तीको देखाउने दाँत मात्र सावित भएका छन्। यसो हुनु कतिपय अवस्थामा त्यहाँ कार्यरत कर्मचारीको लापरबाही पनि मुख्यरूपमा देखिँदै आएको छ।

सुकमाया भन्छिन्, 'पहिला त तपाईंको बारेमा माथि केन्द्रमा निर्णय हुँदैछ भन्थे, अहिले त ६५ वर्ष पुगेर आउनु भन्छन्।' यसले के कुरालाई बुझाउँछ भने वेलफेयर आफ्नो नीतिमा स्पष्ट छैन। काठमाडौंस्थित वेलफेयर सेन्टरले दिएको जानकारीअनुसार हाल च्यारेटी पेन्सन पाउनेहरूको संख्या ११ हजार रहेको छ।

च्यारेटी कोषका निम्ति विश्वको विभिन्न राष्ट्रहरूबाट वार्षिक अर्बौं डलर प्राप्त हुने गर्छ। प्राप्त रकमको तथ्यांक स्वयं वेलफेयर सेन्टरसँग नभएको कुरा गोरखा सैनिक संघले दाबी गरेको छ। अहिले त्यहाँबाट जे-जतिले पेन्सन पाए उनीहरूको बोलिदिने मान्छे थिए, तर हाल अधिकांश विधवा तिनको पछाडि बोलिदिने खास शक्ति छैन। पछिल्लो समयमा पूर्वसैनिकका पत्नीहरू केही जागरुक देखिए पनि अझै पनि कतिपय महिलाहरू आफ्नो अधिकारबाट बञ्चित छन्। सुकमायाको आर्थिक अवस्थालाई बुझ्न पटक-पटक वेलफेयरबाट मान्छे पनि आएको हो। तर, उनका निम्ति आवश्यक कारबाही अझै अगाडि बढेको छैन।

अहिले पेन्सन पाउनबाट बञ्चितमध्ये विशेष दुर्गम गाउँ र बढी मात्रामा सुकुम्बासी अवस्थामा रहेका महिलाहरू छन्। पेन्सन पाउनका निम्ति श्रीमान्को नागरिकताबाट बनाइएको नागरिकता, विवाह दर्ता, स्थानीय सुरक्षा निकायको सिफारिस, जिल्ला प्रशासनको प्रमाणित निवेदनलगायतको कागजात आवश्यक भएको कुरा वेलफेयरले बताउँदै आएको छ। यस्ता अव्यावहारिक कुरालाई सरल र व्यावहारिक बनाउनुको सट्टा वेलफेयर अझ कठोर हुँदै आएको छ।

सुकमाया भन्छिन्, 'मैले अब साँच्चै पेन्सन पाउँदिनँ त यो बुढेसकालमा, म कसरी बाँचुँ ?' हाल नेपालमा झन्डै २७ हजार पेन्सनवाला छन्। लगातार वेलफेयर अफिस धाउनु तर काम नबन्दा तिनका विधुवाहरू निराश छन्।

भोजपुर सोम्वाङ्ग निवासी ७५ वर्षीया धनकुमारी राई अझ पनि आफ्नो विदेश गएका श्रीमान् आउँछन् भन्ने आशामा छिन्। दोस्रो विश्वयुद्धताका विवाह भएको १५ दिनपछि मलाया गएको लोग्ने अझै घर फर्किएका छैनन्। ब्रिटिस सरकारले आधिकारिक रूपमा मरे-बाँचेको जानकारी पनि दिएको छैन। यसैगरी कागजातको अभावका कारण ब्रिटिस सरकारद्वारा सञ्चालन गरिँदै आएको च्यारेटी पेन्सन पाउनबाट बञ्चित छिन् भोजपुरकी धनमाया पनि।

*धनकुमारी राई अझ पनि आफ्नो विदेश गएका श्रीमान् आउँछन् भन्ने आशामा छिन्। दोस्रो विश्वयुद्धताका विवाह भएको १५ दिनपछि मलाया गएको लोग्ने अझै घर फर्किएका छैनन्। ब्रिटिस सरकारले आधिकारिक रूपमा मरे-बाँचेको जानकारी पनि दिएको छैन।*

भोजपुरमै छोरासँग जीवनयापन गर्दै आएकी उनी दमको रोगबाट ग्रसित छिन्। समान कामका निम्ति समान अधिकार हुनुपर्ने चार सूत्रीय मागको बारेमा विगत अढाई वर्षदेखि गोरखा भूपू सैनिक र बेलायत सरकारबीच मुद्दा चलिरहेको छ। तर पनि असमान कामको पेन्सन पाउन पनि नेपालमै विधवा रातदिन लड्नुपर्ने अवस्था छ। विभिन्न गैरसरकारी संस्थाहरू विगत केही वर्षदेखि महिला हकअधिकारका विषयमा लड्दै पनि आएका छन् तर पनि यो विषय उनीहरूको आँखामा नपर्नु दुःखको कुरा हो।

सुकमाया त एउटा उदाहरण मात्र हुन्। भूपू सैनिकका यस्ता हजारौं विधुवा आफ्नो अधिकारबाट आज पनि बञ्चित छन्।

□□□

*सञ्चारिका लेखमाला/सञ्चारिका समूह*

प्रकाशक

सञ्चारिका समूह/नेपाल

पो.ब.नं. १३२९३

टेलिफोन : ५५३८५४९, फ्याक्स : ५५४७२९१

इ-मेलः **sancharika@wlink.com.np**


सञ्चारिका समूह २०५२ सालमा स्थापना भएको पत्रकार महिलाहरूको संस्था हो। सञ्चार माध्यममा कम प्राथमिकतामा परेका महिला तथा बालबालिकासम्बन्धी समाचार तथा लेखहरूको अभावलाई यस लेखमालाले केही हदसम्म पूर्ति गर्ने अपेक्षा गरेका छौं। यसमा प्रकाशित लेखलाई छाप्दा "साभार : सञ्चारिका लेखमाला/सञ्चारिका समूह" उल्लेख गरिदिनुहुन अनुरोध गर्दछौं। र, प्रकाशित सामाग्रीको एकप्रति समूहमा पठाइदिन पनि अनुरोध गर्दछौं।

सम्पादक

निर्मला शर्मा